नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक ४१ २०८१ साल भदौं १९ गते बुधबार (4 Sep. 2024 Wednesday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**




*यस अंक भित्र :* २ पृष्ठमा : दलित अधिकारसम्बन्धी एकीकृत... ३ पृष्ठमा : लिट्मस केवल्सको चाडपर्वलाई. ३ पृष्ठमा : इजरायलले सैन्य दबाब...

## इमान्दार प्रयास र नेतृत्वसहित नेपाली खेलकुद माथी उकास्ने प्रयास गर्छु : खेलकुद मन्त्री चौधरी



**दैनिक समाचारदाता**
**राजविराज, १८ भदौं ।**

युवा तथा खेलकुद विकास मन्त्री तेजुलाल चौधरीले खेलकुद क्षेत्रमा कार्य योजना अनुसार कार्य नभईरहेकोप्रति चिन्ता व्यक्त गर्दै आफ्नो कार्यकालमा इमान्दार प्रयास र नेतृत्वसहित नेपाली खेलकुद माथी उकास्ने प्रयास गर्ने बताएका छन् ।

सप्तरीको बोदेबरसाईनमा मंगलबार नेपाली कांग्रेस नगर कार्य समितिले आयोजना गरेको स्वागत तथा सम्मान कार्यक्रममा मन्त्री चौधरीले यस्तो बताएका हुन् ।

मधेस र कर्णाली प्रदेश मानव विकास सूचांकमा पछाडी रहेको र उचित बजेटको अभावमा यस क्षेत्रमा काम नभइरहेको प्रति आफू चिन्तित भएको जिकिर गरे ।

मन्त्री चौधरीले वर्तमान सरकारले खेलकुदको विकासका लागि खेलकुद पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेको र यसले खेलको विकासमा टेवा पुऱ्याउने विश्वास समेत व्यक्त गरे ।

"म मन्त्री बन्नु भन्दा पहिला नै बजेट बिनियोजन भईसकेकोले निर्वाचन क्षेत्रमा सोचेजती बजेट ब्यवस्थापन हुन नसकेपनि मन्त्रालयबाट नगरको विकासका निम्ति कुनै कसर बाँकी राख्दिन् ।" उनले भने, "कबड हल, दुई वटा खेलकुदका लागि फिल्ड स्तरोन्नती तत्कालै प्रकृया अगाडी बढाईने छ ।"

युवा तथा खेलकुद मन्त्रालयबाट नगरको केही फिल्डको डि.पि.आरका लागि मन्त्रालको प्राविधिक टोलीबाट नापजाँच भईसकेको बताउँदै मन्त्री चौधरीले जनताको विश्वासमा कुठाराघात हुन नदिने बताए ।

सो अवसरमा बोदेबरसाईन नगर बजार ब्यापार संघका पदाधिकारीले मन्त्री चौधरीलाई स्वागत गर्दै बजारको विकासका लागि बडी भन्सार कार्यालय स्थापना तथा बजारमा कबड हल र राष्ट्रिय बाणिज्य बैंकको शाखा स्थापनाका लागि

*बाँकी दुई पृष्ठमा*

## चिकित्सा शिक्षा आयोगको परीक्षामा भएको अनियमितता छानबिन गर्न माग

काठमाडौँ, १८ भदौ (रासस) ।

राष्ट्रियसभाको मंगलबारको बैठकमा सांसदहरूले चिकित्सा शिक्षा आयोगले प्रकाशित गरेको पछिल्लो नतिजामा व्यापक मात्रामा अनियमितता भएको विवरण सार्वजनिक भएकाले सत्यतथ्य छानबिन गर्न माग गर्नुभएको छ ।

शून्य समयमा बोल्दै सांसदहरूले विद्यार्थीको भविष्यमाथि खेलबाड गर्नेलाई कारबाहीको दायरामा ल्याउन सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद कृष्णप्रसाद पौडेलले चिकित्सक शिक्षा आयोगले प्रकाशित गरेको नतिजामा लापरबाही गरेको पाइएकाले सत्यतथ्य पत्ता लगाउन माग गर्नुभयो ।

सांसद गोमादेवी तिमिल्सिनाले पनि चिकित्सा शिक्षा आयोगले प्रकाशित गरेको परीक्षाको विश्वसनीयताप्रति प्रश्न उठेको भन्दै सत्यतथ्य पत्ता लगाउन माग गर्नुभयो । सांसद भुवनबहादुर सुनुवारले माध्यमिक शिक्षा परीक्षामा देखिएको विकृति पुनः चिकित्सा शिक्षासँग सम्बन्धित परीक्षामा पनि उस्तै अवस्था देखिएकाले दोषीमाथि कारबाही गनुपर्नेमा जोड दिनुभयो ।

यस्तै, सांसद उर्मिला अर्यालले सञ्चार तथा सूचना प्रविधिमन्त्रीले केही दिनपहिले प्रहरी प्रमुखका सम्बन्धमा दिनुभएको भनिएको अभिव्यक्तिका बारेमा सत्यतथ्यसहित यथार्थ कुरा सदनलाई जानकारी गराउन माग गर्नुभयो । सांसद नारायणदत्त मिश्रले ब्राजिलको विमानस्थलमा नेपाली अलपत्र परिरहेको तथा रसियामा पनि नेपालीको अवस्था उस्तै रहेको बताउनुभयो ।

सांसद मदनकुमारी शाह गरिमाले रसियाले गैरकानुनी रूपमा नेपाली नागरिकलाई सेनामा भर्ना गरेको र हालसम्म ४० नेपालीको निधन भइरहेको पाइएकाले तत्काल

*बाँकी दुई पृष्ठमा*

## कुटपिट गरी धनमाल लुटपाट

**दैनिक समाचारदाता**
**सिरहा, १८ भदौ ।**

सिरहाको गोलबजार नगरपालिका १ मुक्सारमा सोमबार राति लुटेराको एक समूहले धनमाल लुटपाट गरेको छ ।

स्थानीय जागेश्वर रामको घरमा राति १२ बजेको आसपासमा १२/१५ जनाको समूहमा आएका लुटेराहरूले १२ हजार नगद, सुन र चाँदीका गहना लुटेर लगेका हुन् ।

लुटेरा समूहले जागेश्वरलाई कुटपिट गरी उहाँको मोबाइल नियन्त्रणमा लिएर नगद, चाँदी र सुनका गहना लुटेर लगेका छन् ।

घटनालगत्तै स्थानीयले मुक्सारमै रहेको प्रहरी चौकीमा फोन गरे पनि चार घण्टा पछिमात्र प्रहरी आइपुगेको थियो ।

इलाका प्रहरी कार्यालय गोलबजारले भने सामान्य चोरीको घटना भएको जनाएको छ । इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक सुनिल कार्कीले सामान्य चोरी भएको भन्ने सूचना आए पनि घटनाको अनुसन्धानका लागि प्रहरी टोली खटाइसकेको जानकारी दिए ।

### सर्पको टोकाईबाट बचौं

- घरवरिपरि सफा राखौं, प्वालहरु टालौं,
- झाडी एवं खुलास्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिंडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको प्रयोग गरौं,
- सुत्ने बेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिंड्दा टर्च लाईटको प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होसियारी अपनाऔं,

यदि सर्पले टोकेमा नजिकको सर्पदंश केन्द्र वा अस्पतालमा लैजाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु । - जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु । - आँखाको गेडी दुख्नु । - अत्याधिक टाउको दुख्नु । - शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं । - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जालीवा सुत्ने बेलामा झुल लगाएर सुतौं । - घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं । - पानी राखेको भाँडालाई छोपेर राखौं । - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**अनुरोधकर्ता : शम्भुनाथ नगरपालिका, सप्तरी**

## सम्पादकीय ....

### अधुरो सडक निर्माण कार्य सम्पन्न गराउनेतर्फ ध्यान देऊ

सप्तरी जिल्लाका विभिन्न सडकहरुको निर्माण कार्य समयमै सम्पन्न हुन नसक्दा दुर्घटनाको सम्भावनाका साथै चाड पर्वमा आवागमन गर्न सास्ती व्यहोर्नु पर्ने हुन्छ। नजिकिदै गएको वडा दशैंका साथै अन्य चाड पर्वमा जिल्लामा मानिसहरुको चहलपहल बढ्ने हुनाले बाटोघाटोकै कारण प्रभावित बन्ने निश्चित छ।

खासगरि प्रसिद्ध शक्तिपीठ छिन्नमस्ता मन्दिर जाने बाटो अहिले निकै जिर्ण भइसकेको छ। राजविराज छिन्नमस्ता जाने बाटो विगत दुई वर्षदेखी निर्माणाधिन अवस्थामै रहेको छ। जसकारण दशैंको बेला मन्दिरसम्म पुग्न आगन्तुक तथा श्रद्धालुहरुलाई निकै अफ्ठ्यारो हुनेछ। यस्तै राजविराज रुपनी सडकको अवस्था पनि त्यस्तै छ। भारदह हनुमाननगर राजविराजको सडकको अवस्था पनि कहालिलाग्दो छ। विगत पाँच वर्षदेखी जिल्लामा विभिन्न विकासीय सडक निर्माणका कार्यहरु निकै सुस्त गति भइरहेको छ।

विगतका वर्षहरुमा ती कार्यले प्राथमिकता नपाएपनि अहिले प्राथमिकताका साथ निर्माण हुनु सकारात्मक हो। तर, समयमा सम्पन्न गराउनु पनि उत्तिकै जिम्मेवार हुनुपर्छ। तसर्थ यस्ता कार्यलाई कुनै पनि बहानामा अवरोध नगरि सम्पन्न गराउनेतर्फ सम्बन्धीत निकायले अग्रसरता देखाउनु आवश्यक छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# दलित अधिकारसम्बन्धी एकीकृत कानुनको माग

**सुशील दर्नाल**

काठमाडौँ, १८ भदौ (रासस)।

दलित समुदायले आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, रोजगारीलगायतका क्षेत्रमा अन्य समुदायको तुलनामा कमजोर उपस्थिति रहेको जनाउँदै एकीकृत कानुनको माग गर्दै आएका छन्। मानव विकास सूचकाङ्कमा दलित सबैभन्दा तल रहेको र संविधानको मौलिक हकमा व्यवस्था गरिएका दलित हक, अधिकारको व्यवस्था गर्दा कानुन बनाएर लागू गर्ने प्रावधान राखिएकाले एकीकृत कानुनको माग गर्दै आएका हुन्।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का नेता परशुराम रम्तेलले राज्यले प्राथमिकतामा राखेर सो व्यवस्थालाई कानुन निर्माणमा विशेष प्राथमिकता दिनुपर्नेमा बेवास्ता हुँदै आएको बताउनुभयो। उहाँले राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकलाई व्यवहारिक र प्रभावकारी कार्यान्वयन गर्न एकीकृत कानुन बन्नुपर्नेमा जोड दिनुभयो।

संविधानको प्रस्तावनामा सबै प्रकारका विभेद् र उत्पीडनको अन्त्य गर्दै सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरिएको छ। धारा १८ मा समानताको हकमा राज्यले उत्पत्ति, धर्म, वर्ण, जातजाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा अन्य कुनै आधारमा भेद्भाव गर्ने छैन भनिएको छ।

नेकपा (एमाले) का सचिव छविलाल विश्वकर्माले छरिएर रहेका दलितसम्बन्धी कानुनी अधिकारलाई एकीकृत गर्दा कार्यान्वयन प्रभावकारी हुने बताउनुहुन्छ। दलित अधिकारका विषयमा सकारात्मक बुझाइ हुने र उपभोग गर्न पनि सहज हुने भएकाले दलितका लागि एकीकृत कानुननै बनाउनुपर्ने उहाँको भनाइ छ।

दलितसम्बन्धी कानुनले मनुवादी सोच, चिन्तन र प्रवृत्ति पनि कमजोर हुने, दक्षिण एसियाकै विशिष्ट समस्या भएकाले कानुनी बाटो अवलम्बन गर्न सरल हुने, दलितप्रतिको नकारात्मक बुझाइलाई एकीकृत कानुनले सकारात्मकतामा बदल्न भूमिका खेल्ने र अदालती प्रक्रियामा परम्परावादी धारणालाई बदल्न सहयोग पुग्ने दलित अधिकारकर्मी बताउँछन्। ठूला तीन राजनीतिक दलका केन्द्रीय समितिमा दलित प्रतिनिधित्वको अवस्था नेपाली कांग्रेसमा छ दशमलव ४१, नेकपा (एमाले) मा पाँच दशमलव ७३ र नेकपा (माओवादी केन्द्र) मा आठ दशमलव ३१ प्रतिशत छ।

"एकीकृत कानुनमा समावेश गर्नुपर्ने अन्तरवस्तु हेर्दा मुख्य त संविधानको मौलिक हक अन्तर्गत धारा ४० मा भएको दलित हक, धारा १८ को समानताको हकको व्यवस्थालाई समावेश गर्ने, राज्यका सबै अङ्ग, निकाय र तीनै तहका सबै संरचनामा समानुपातिक समावेशी सिद्धान्तका आधारमा संविधानले निर्दिष्ट गरेको हक अधिकारलाई स्थापित हुने गरी कानुनमा समावेश गर्नुपर्छ" माओवादी नेता रम्तेलले भन्नुभयो।

नेपाली कांग्रेसका सहमहामन्त्री जीवन परियारले दलित समुदायका राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिक, शैक्षिक, रोजगारी लगायतका समग्र अधिकारलाई एकीकृत रूपमा व्यवस्था गर्न र दलितलाई प्राथमिकदेखि उच्च शिक्षासम्म छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था गर्नुपर्ने बताउनुभयो। उहाँले सबै खालका शिक्षा क्षेत्रमा दलित समुदायलाई विशेष प्राथमिकता दिने प्रावधानको व्यवस्था गर्न दलितसम्बन्धी एकीकृत कानुनको आवश्यकता औँल्याउनुभयो।

एकीकृत कानुनमा मुख्यतः निजामति सेवा सेवा ऐन, प्रहरी ऐन, सशस्त्र प्रहरी बल ऐन, सैनिक ऐन, नेपाल विशेष सेवा ऐन, स्वास्थ्य सेवा ऐन, शिक्षा ऐन, वैदेशिक रोजगार ऐन, शिक्षा ऐन लगायतका ऐनमा भएका दलितसम्बन्धी प्रावधानको पुनरावलोकन गरी त्यसका सकारात्मक प्रावधानको संरक्षण गर्दै अपुग कानुनी प्रावधान निर्माण गर्नुपर्ने पूर्व राजदूत पदम सुन्दास बताउनुहुन्छ।

दलितसम्बन्धी एकीकृत कानुनका लागि प्रतिनिधिसभा र राष्ट्रियसभाका सांसदहरू, विषय विज्ञ तथा कानुनी विज्ञ र दलितसम्बन्धी राजनीतिज्ञकाबीचमा आवश्यक अन्तरक्रिया र छलफल गरी विधेयकको प्रारम्भिक मस्यौदा तयार गर्नुपर्ने दलित समुदायको माग रहेको छ।

# निर्धारित समयमै काठमाडौं-तराई-मधेस द्रूतमार्ग सम्पन्न गर्न रक्षामन्त्रीको निर्देशन

काठमाडौँ, १८ भदौ (रासस)।

रक्षामन्त्री मानवीर राईले रणनीतिक महत्वको काठमाडौँ-तराई-मधेस द्रूतमार्ग (फास्ट ट्र्याक) तोकिएकै समयमा सम्पन्न हुनेगरी निर्माणलाई तीव्रता दिन नेपाली सेनालाई निर्देशन दिनुभएको छ।

रक्षा मन्त्रालयमा मंगलबार आयोजित आथिर्क वर्ष २०८०/८१ को वार्षिक प्रगति समीक्षा एवं मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा उहाँले मुलुकको प्रतिष्ठासँग जोडिएको द्रूतमार्ग जनुसुकै हालतमा पनि निर्धारित समयमै सम्पन्न गर्नुपर्नेमा जोड दिनुभयो।

"द्रूतमार्ग राष्ट्रियतासँग जोडिएको छ, यससँगै राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनालाई पनि तोकिएकै समयभित्र सम्पन्न गर्नुपर्छ", मन्त्री राईले भन्नुभयो। सेनाको व्यवस्थापनमा निर्माणाधीन द्रूतमार्गको हालसम्म समष्टिगत भौतिक प्रगति ३५ दशमलव ३८ र वित्तीय प्रगति ३६ दशमलव ६६ प्रतिशत छ।

सो आयोजनामा हालसम्म रु ६४ अर्ब ६२ करोड खर्च भइसकेको छ। रु दुई खर्ब ११ अर्ब ९३ करोड लागत रहेको सो आयोजना २०८३ चैतभित्र सम्पन्न गर्ने लक्ष्य लिइएको छ। द्रूतमार्गको निर्माणपछि राजधानी र मधेसलाई सहज सडक सम्पर्कले जोड्ने उल्लेख गर्दै मन्त्री राईले सो आयोजना सम्पन्न भएपछि मुलुकको अर्थतन्त्रमा पनि ठूलो परिवर्तन आउने विश्वास व्यक्त गर्नुभयो।

देशको रक्षा र जनताको सेवा सेनाको प्रमुख जिम्मेवारी रहेको जनाउँदै उहाँले शान्ति स्थापना कार्यमा सेनाको सहभागिता र प्रदर्शन गर्व गर्न लायक रहेको बताउनुभयो।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवप्रसाद अधिकारीले राष्ट्रिय गौरव र राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनालाई निर्धारित समयमै सम्पन्न गर्न सबै निकायले सहयोग गर्नुपर्ने बताउनुभयो। उहाँले त्यस्ता आयोजनालाई पर्याप्त बजेट विनियोजन गर्ने विषयलाई आयोगले उच्च प्राथमिकतामा राख्ने स्पष्ट पार्नुभयो। अन्तरमन्त्रालय समन्वय प्रभावकारी बनाउनुपर्नेमा जोड दिँदै उहाँले प्रविधिको उच्चतम् प्रयोग गर्न सुझाव दिनुभयो।

रक्षा मन्त्रालयका सचिव रामेश्वर दङ्गालले बजेट विनियोजनको परम्परागत ढर्रालाई परिवर्तन गर्नुपर्नेमा जोड दिँदै खर्च गर्ने क्षमता हेरेर बजेटको उपयुक्त विनियोजन गर्न योजना आयोगसमक्ष आग्रह गर्नुभयो।

कामु प्रधान सेनापति अशोकराज सिग्देलले न्यून बजेट विनियोजनका कारण राष्ट्रिय गौरव र राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारित समयमै सम्पन्न हुनेमा आशङ्का पैदा भएको उल्लेख गर्दै त्यस्ता आयोजनामा पर्याप्त बजेट विनियोजन गर्न आग्रह गर्नुभयो।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका सहसचिव मनमाया भट्टराई (पङ्गेनी), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका उपसचिव इन्द्रकुमारी थपलिया, वन तथा वातावरण मन्त्रालयका वन अधिकृत खिलानाथ दाहाल, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सिनियर डिभिजनल इञ्जिनियर लक्ष्मी केसी र अर्थ मन्त्रालयका शाखा अधिकृत रामकुमार श्रेष्ठले गत आवमा रक्षा मन्त्रालयले हासिल गरेका भौतिक तथा वित्तीय प्रगति प्रशंसनीय रहेको बताउनुभयो।

गत आवमा रक्षा मन्त्रालय र अन्तर्गतको निकायमा रु ५३ अर्ब ७९ करोड ८६ लाख ७३ हजार चालु र रु पाँच अर्ब ५६ करोड ७५ लाख पूँजीगत गरी कुल रु ५९ अर्ब ४६ करोड ९८ लाख ७३ हजार बजेट विनियोजित भएको थियो। त्यसमध्ये गत असार मसान्तसम्म रु ५३ अर्ब ७१ करोड सात लाख चालु र रु पाँच अर्ब ५२ करोड ५२ लाख पूँजीगत खर्च भएको मन्त्रालयले जनाएको छ।

### चिकित्सा शिक्षा ...

नेपाली नागरिकको जीवन सुरक्षाका लागि पहल गर्न माग गर्नुभयो।

सांसद युवराज शर्माले सङ्घीय प्रणालीलाई सुदृढ बनाउनका लागि प्रहरी समायोजनमा ध्यान दिन सरकारको ध्यानाकर्षण गराउनुभयो।

### इमान्दार प्रयास ...

आवश्यक पहल गर्न आग्रह समेत गरे।

सप्तरी क्षेत्र नं. ४ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएका चौधरी मन्त्री बनेपछि पहिलो पटक आफ्नो निर्वाचन क्षेत्रमा आएका हुन्। मन्त्री चौधरीलाई निर्वाचन क्षेत्रमा स्थानीयहरूले ठाउँ ठाउँमा कार्यक्रम आयोजना गरि स्वागत गरिएको थियो।

कार्यक्रममा नेपाली काँग्रेस बोदेबरसाइन नगर समितिका सभापति ई. दिपेन्द्र यादव, सुरुङ्गा नगरपालिका मेयर गिता चौधरी, अन्तराष्ट्रिय भरोत्तोलन खेलाडी कानन चौधरी लगायतले शुभकामना दिँदै खेल पूर्वाधार निर्माण समयमै सम्पन्न गर्नुपर्नेमा जोड दिएका थिए। उनीहरुले गृहजिल्लाको विभिन्न पालिकामा कवड हल निर्माण तथा जिर्ण अवस्थामा रहेका खेल मैदानहरुलाई स्तरोन्ती गर्नुपर्ने सुझाव समेत दिएका थिए।

# नगरस्तरिय युवा संजाललाई क्षमता विकास तालिम



**दैनिक समाचारदाता**
**राजविराज, १८ भदौं ।**

सप्तकोशी नगरस्तरिय युवा संजालका सदस्यहरूलाई क्षमता अभिवृद्धिका लागि संचालित दुई दिने क्षमता विकास तालिम मंगलबार सम्पन्न भएको छ ।

सबल नेपालद्वारा आयोजित तथा युएसएआईडीको सहयोग र द एशिया फाउन्डेशन मुख्य कार्यान्वयन संस्थाले संचालन गरेको नागरिक, समाज तथा संचार कार्यक्रम अन्तर्गत सिमान्तकृत समुदायका महिला, युवा, किशोर किशोरीहरूको अधिकार अभियानको लागि गठित युवा संजालका सदस्यहरूलाई क्षमता विकास तालिमको आयोजना गरिएको हो ।

कार्यक्रममा सप्तकोशी नगरपालिका वडा ३ का अध्यक्ष देवकान्त गोजेवारले युवालाई सिर्जनशील, सीपयुक्त, उद्यमी र जिम्मेवार नागरिकको रुपमा विकसित हुने अवसर राज्यले सृजना गर्नुपर्ने बताए । वडा ५ का अध्यक्ष गोसाई चौधरीले युवालाई राज्य सञ्चालन प्रकृयामा समावेश गर्न नसकेमा राष्ट्रले उनीहरुको उर्जा र प्रतिभाबाट लाभ लिनुको सट्टा कुलत, विकृति, द्वन्द्व र अस्थिरताको सामना गर्नुपर्ने स्थिति आएको बताए ।

त्यस्तै सप्तकोशी नगरपालिका प्रशासन अधिकृत प्रकाश सुवेदीले युवा संजाल सक्रिय र संगठित भएर समाजिक मुद्दा र सवालमा अगाडि बढेमा पालिकाले सक्दो सहयोग गर्ने प्रतिबधता गरे ।

योजना तर्जुमामा युवाको सहभागिता, कानुन निर्माणमा युवाको सहभागिता, युवामैत्री बार्षिक नीति, युवा निर्दिष्ट बजेटको व्यबस्था, योजना कार्यान्वयनमा युवाको सहभागिता, अनुगमन मुल्याङ्कनमा युवाको सहभागिता बारेमा सहजिकरण गरिएको छ । त्यस्तै युवा क्षमता विकास तालिमवाट युवाहरूको समस्या, मुद्दा, सवालहरूको वारेमा पैरवी, वकालत गरी समस्याको सामाधान गरी समुदायलाई सचेत र शिक्षित बनाउने उदेश्य रहेको छ ।

सो तालिममा सबल नेपालका परमेश्वर झा, कार्यक्रम म्यानेजर शुभनारायण भिणवार यादब, कार्यक्रम अधिकृत सवनम यादब लगायतले सहजिकरण गरेका थिए । जिल्लाको १८ वटै पालिकामा गठित युवा संजालका सदस्यहरूलाई क्षमता बिकास तालिम सुरू गरिएको सबल नेपालका कार्यक्रम म्यानेजर शुभनारायण भिणवार यादबले जानकारी दिए ।

# वडाध्यक्ष यादवको मृत्यु बारे छानबिन गर्न माग

**दैनिक समाचारदाता**
**काठमाडौं, १८ भदौ ।**

महोत्तरीको रामगोपालपुर नगरपालिका २ का वडाध्यक्ष मुकेश यादवको रहस्यमय मृत्युको छानबिनमा सहयोग गर्न नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँग विभिन्न राजनीतिक दलका नेताले सामूहिक रूपमा माग गरेका छन् ।

माओवादी केन्द्र, जसपा नेपाल र नेपाली कांग्रेसका नेताले अध्यक्ष दाहाललाई ज्ञापनपत्र बुझाउँदै घटनाको सत्यतथ्य अनुसन्धानका लागि पहल गरिदिन मंगलबार माग गरेका हुन् ।

वडाध्यक्ष यादवको यही भदौ ९ गते बर्दिबास नगरपालिका १२ को सडक छेउमा मोटरसाइकलसँगै शव फेला परेको थियो । उक्त घटनाको प्रकृति हेर्दा मोटरसाइकल दुर्घटना नभइ हत्या भएको हुनसक्ने भन्दै ज्ञापनपत्रमा अनुन्धानको माग गरिएको छ ।

भदौ ८ गते साँझ केही शङ्कास्पद व्यक्तिले बोलाएको, घटनास्थल र शवको प्रकृति हेर्दा दुर्घटनाबाट मृत्यु भएजस्तो नदेखिएको, शव परीक्षण रिपोर्टबाट टाउको र छातिमा चोट देखिएको, टाउको र छातिमा वजनदार वस्तुले प्रहार भएको पाइएको थियो ।

यस्तै मोटरसाइकलको हेल्मेटमा केही क्षति नभएको वरु हेल्मेट लकसहित निकालेर राखेको, मोटरसाइकल स्टार्ट बन्द गरिएको अवस्थामा राखिएको आदि कारणले दुर्घटना नभइ हत्या भएको हुनसक्ने ज्ञापनपत्रमा उल्लेख छ ।

शवपरीक्षणका लागि काठमाडौं लगिएपछि अर्को दिन शङ्कास्पद व्यक्तिलाई प्रहरीले सामान्य सोधपुछ गरेर छाडेको भन्दै यी विभिन्न परिस्थिति, वातावरण, शवको प्रकृति, समय र मुकेशसँग सम्पर्कमा रहन पुगेका व्यक्तिसँग गम्भीरतापूर्वक छानबिन गरेमा सत्यतथ्य पत्ता लाग्ने उल्लेख गर्दै ज्ञापनपत्रमा प्रहरी प्रशासन यसप्रति गम्भीर नभएकाले केन्द्रीय अनुसन्धान ब्यूरोबाट नै छानबिनका लागि पहल गरिदिन आग्रह गरिएको छ ।

माओवादी केन्द्रबाट निर्वाचित वडाध्यक्षको मृत्यु र तराईमा भइरहेका हत्या हिंसाका घटनालाई गम्भीरतापूर्वक लिएर निष्पक्ष छानबिनको निम्ति सरकारको ध्यानाकर्षण गराउने अध्यक्ष प्रचण्डले प्रतिबद्धता जनाउनुभयो ।

# 'परीक्षामा मानवीय त्रुटि भनेर छुट दिन मिल्दैन'

काठमाडौं, १८ भदौ (रासस) ।

प्रतिनिधिसभाको बैठकमा सांसदहरूले चिकित्सा शिक्षा आयोगले लिएको 'एमबिबिएस'को प्रवेश परीक्षामा मानवीय त्रुटि भएको विषयमा छुट दिन नहुने र दोषीलाई कडा कारबाही गर्नुपर्ने माग गर्नुभएको छ । प्रतिनिधिसभाको मंगलबारको बैठकको आकस्मिक समयमा बोल्दै राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद रोशन कार्कीले उक्त आयोगले प्रवेश परीक्षामा मानवीय त्रुटि भएको भनिए पनि सत्य बुझ्न जरुरी भएको बताउनुभयो ।

"चिकित्सा शिक्षा आयोगले लिएको प्रवेश परीक्षा त्रुटिपूर्ण भयो भनिएको छ", सांसद कार्कीले भन्नुभयो, "परीक्षामा मानवीय त्रुटि होइन, दानवीय त्रुटि भएको छ, यस्ता त्रुटि गर्नेलाई कडा कानुनी सजाय दिनुपर्छ ।" उहाँले शिक्षा क्षेत्रको सुधारका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो ।

नेकपा (माओवादी केन्द्र) का सांसद देवेन्द्र पौडेलले उच्च शिक्षालाई सुधार्नुपर्नेमा जोड दिनुभयो । उहाँले चिकित्सा शिक्षा आयोगले अङ्कभारको आधारमा विद्यार्थीको नजिता सार्वजनिक गर्नुपर्नेमा रोल नम्बरको आधारमा गरिएकोप्रति सम्बन्धित निकायको ध्यानार्षण गराउनुभयो । "कसरी रोल नम्बरका आधारमा आयो, मानवीय गल्ती भनेर आइरहेको छ, विद्यार्थीको भविष्यसँग जोडिएको विषय हो", उहाँले भन्नुभयो, "झण्डै तीन हजार विद्यार्थीलाई मेडिकल साईन्सको विषयमा यस्तो गञ्जागोल बनाउन हुँदैन, मेरिटका आधारमा पढ्न पाउने व्यवस्था गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउन चाहन्छु ।"

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद सुमना श्रेष्ठले चिकित्सा शिक्षा आयोगले एमबीबीएसको प्रवेश परीक्षाको नजिता प्रकाशन गरेको विषयमा सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो । "परीक्षामा भएको प्राविधिक त्रुटि भनेको के हो ? त्यो भविष्यमा दोहोरिन नदिने के गर्नुपर्छ", उहाँले भन्नुभयो, "सबैले परीक्षा दिन काठमाडौँ आउने व्यवस्थाको पनि अन्त्य गर्नुपर्छ, परीक्षामा प्राविधिक त्रुटि भएको भनिएको छ, त्यो के भएको हो ? भावी दिनमा नदोहोरिन के गर्नुपर्छ ?"

आयोगले यही भदौ १ गते परीक्षा लिएर १४ गते निकालेको नतिजाप्रति सांसदहरूले सरकारको गम्भीर ध्यानाकर्षण गराएका हुन् । प्रवेश परीक्षाको नतिजा सार्वजनिक गर्दा योग्यता क्रमको आधारमा गर्नुपर्नेमा त्यसो नगरिनु गम्भीर त्रुटि भएको सांसदहरूको भनाइ छ ।

# सार्वजनिक बिदामा पनि बहिरङ्ग सेवा सञ्चालन गर्न अस्पताललाई निर्देशन

काठमाडौं, १८ भदौ (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले केही ठूला सरकारी अस्पताल र प्रयोगशालालाई सार्वजनिक बिदाको दिनमा पनि बहिरङ्ग सेवा सञ्चालन गर्न निर्देशन गरेको छ । मन्त्रालयले ३४ अस्पताल र प्रयोगशाला लगायतका स्वास्थ्य निकायलाई सार्वजनिक बिदाको दिनमा पनि बहिरङ्ग सेवा सञ्चालन गर्न परिपत्र गरेको हो ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले ती अस्पताल र स्वास्थ्य निकायलाई सार्वजनिक बिदाका दिनमा अस्पतालको बहिरङ्ग सेवा सञ्चालन गर्न परिपत्र गरिएको जानकारी दिनुभयो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले केही दिनअघि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई पत्र पठाउँदै सार्वजनिक बिदाको दिनमा अस्पतालले बहिरङ्ग सेवासहित सबै प्रकारका सेवा प्रवाह गर्न निर्देशन दिएको थियो ।

मन्त्रालयका प्रवक्ता डा बुढाथोकीका अनुसार परिपत्र गरिएका अस्पतालहरूमा वीर अस्पताल, परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, भेरी अस्पताल, राष्ट्रिय क्षयरोग केन्द्र, कोशी अस्पताल, नेपाल आँखा अस्पताल, कान्ति बाल अस्पताल, सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानलगायत छन् ।

गृह मन्त्रालयले जारी गरेको सार्वजनिक बिदासम्बन्धी प्रकाशित राजपत्रको सूचनामा सार्वजनिक सेवा प्रवाहसम्बन्धी विशेष व्यवस्थाको उपप्रकरण १०.१ को खण्ड (न) मा भएको व्यवस्थाअनुसार सार्वजनिक दिनमा पनि अस्पतालले बहिरङ्ग सेवासहित सबै प्रकारका सेवा प्रवाह गर्नुपर्ने व्यवस्था रहेको छ ।

सरकारले अधिकांश निकायबाट सार्वजनिक बिदामा स्वास्थ्यसम्बन्धी सेवा प्रवाह भएको नपाइएको भन्ने जनगुनासोका आधारमा सार्वजनिक बिदाका दिन पनि बहिरङ्ग सेवा प्रवाह गर्न निर्देशन दिएको हो ।

# महिला हिंसा नियन्त्रणका लागि सरकार कडा रूपमा प्रस्तुत हुन्छ : मन्त्री सुडी

काठमाडौं, १८ भदौ (रासस) ।

महिला बालबालिका तथा सामाज कल्याणमन्त्री नवलकिशोर साह सुडीले लैङ्गिक हिंसा नियन्त्रण, सामाजिक कल्याण, ज्येष्ठ नागरिक संरक्षणलगायत कार्यक्रम प्रभावकारी रूपमा सञ्चालनमा रहेको बताउनुभएको छ ।

राष्ट्रियसभाको मंगलबारको बैठकमा उहाँले वैदेशिक रोजगारीका क्रममा रहेका महिलाले भोगेको घरेलु हिंसाका बारेमा ध्यानाकर्षण भएको बताउनुभयो । महिलामाथि भइरहेको हिंसा नियन्त्रणका लागि सरकारले आवश्यक पहल गरिरहेको उहाँको कथन छ ।

हिंसापीडित महिलालाई सम्मानपूर्वक राख्नका लागि देशभर नै आश्रयस्थल निर्माणका लागिसमेत मन्त्रालयले आवश्यक प्रक्रिया अगाडि बढाइरहेको जानकारी दिँदै उहाँले मधेस प्रदेशमा उक्त स्थलको निर्माण प्रक्रिया अगाडि बढेको र बागमती प्रदेशमा छिट्टै बोलपत्रको काम अगाडि बढ्ने बताउनुभयो ।

अछामको छाउपडीसँग जोडिएको एक घटनाको छानबिन प्रक्रिया अगाडि बढिसकेको र दोषीमाथि कानुनअनुसार कारबाही हुने मन्त्री साहको भनाइ छ । उहाँले महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको हित र सेवाका लागि सरकारले आवश्यक पहल गरीरहेको उल्लेख गर्नुभयो ।


## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु । - जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु । - आँखाको गेडी दुख्नु । - अत्याधिक टाउको दुख्नु । - शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं । - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जालीवा सुत्ने बेलामा झुल लगाएर सुतौं । - घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं । - पानी राखेको भाँडालाई छोपेर राखौं । - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**अनुरोधकर्ता : हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*